## मैले होमिदिएँ आफूलाई
## भीडहरूको जङ्गलमा

मैले धकेलिदिएँ आफूलाई यस महानगरीको
विशालतामा
छोडिदिएँ अपरिचितहरूको समुदायमा, भीडमा
व्यस्तता, व्यस्त जीवनहरूको माझमा
गतिशीलहरूको दुनियाँमा ।

जिन्दगी यहाँ तेज रफ्तारमा दौडन्छ
मैले सामेल गरेँ आफूलाई
त्यही रफ्तारमा
प्रतिस्पर्धाको घोडादौडमा
समयको तीव्र र निर्मम होडबाजीमा
म कतै हराउँला वा पछाडि छोडिउँला
यसको आशङ्का, डरका अनूभूति र आभास
मलाई छैन,
म पिछडिएको साँगुरो परिवेशबाट
परिवेशको जीवनबाट
उम्की आएको छु,
घस्रेर हिँड्नुपर्ने गँड्यौलाको बाध्यात्मकता
सुस्त मनस्थितिको मनोवैज्ञानिकता
जहाँ उज्यालोको आयु एकदम कम हुन्छ
निष्पट्ट अँध्यारो रातको आयु लामो
यी मान्छेहरूको दुःसाध्य जङ्गलमा
निस्सासिउँला,
पथविचलित होउँला
मलाई यसको किञ्चित् भय र बोध छैन
समुद्रको उत्ताल तरङ्गहरूको गर्जनामा
मैले आफूलाई गोता लगाउन छोडिदिएँ
ठूलाठूला आँधीबेहरीहरूको सङ्कटमा
होमिदिएँ,
गगनभेदी नाराहरूको चर्को स्वर
यन्त्रहरूको ज्यादै कर्ण कटु र तीखो
आवाज
कोलाहलको विषाक्तता
सडकहरूको उग्र प्रदर्शन
पुलिसहरूको मर्मान्तक लाठीचार्ज
द्वन्द्व र दुर्घटनाहरूको भयानक पीडाको

भयविना
दुश्चिन्ताविना
मैले आफूलाई होमिदिएँ,
यहाँ निर्मित पर्खालहरूले छेकिएर
थुनिएर, थिचिएर मरुँलाको
ब्ल्याक आउटहरूको सम्भावित खतराविना ।

६ ६ ६